# नेपालको धरहरा

— राजाराम सुवेदी

नेपाली बोलचालमा अग्लो घरलाई धररा, धलरा, धजरा, धलहरा, धजहरा, धहरा वा धरहरा भनिन्छ। संस्कृतमा सेतोघर भन्नु पर्दा 'धवलगृह' भन्नु पर्छ। सुदूरपश्चिम नेपालको स्थानीय भाषामा सेतोलाई धौल्या, धौल्य, धौल, धउल्या, धउल, धौले भनिन्छ। संस्कृतमा सेतो पहाड भन्नु पर्दा धवलागिरि भनिन्छ। नेपाली भाषामा धवलागिरिलाई धौलागि्र, धउलागिरि, धौलाश्री, धवलागिरि भनिन्छ। हिन्दी भाषामा कुनै अग्लो न अग्लो घरलाई धौलहर वा धौलहरा भनिन्छ।[1] नेपाली भाषामा धरहरा शब्द संस्कृतबाटै आएको लक्षित हुन जान्छ। हिन्दी पनि संस्कृत भाषाको आडबाट बनेको हुँदा नेपालीसंग कुनै कुनै शब्द मेल खाने देखिन्छ। त्यसैले धौलघर, धौलहर, धौरहर, धरहर, धरोहर, धरहरा नेपाली भाषाको प्राचीन रूपसंग मेल खान गएको पाइन्छ।

धरहरा शब्दको अर्थ नेपाली–नेपाली–अंग्रेजी कोषमा यसरी गरिएको छ।[2] "धरहरा (ना.) मीनार; उच्च इमारत। n.Tower". त्यसैगरी अंग्रेजी शब्दकोषमा Tower को अर्थ यस प्रकार छ[3]– Tower (1) a structure that is relatively high for its length and width, either standing alone or as part of another building." यसबाट यो कुरा स्पष्ट हुन्छ कि धरहरा वा Tower मानवनिर्मित उच्च घर, इमारत, मीनार, टावर, गगनचूम्बी भवन, घण्टाघर शब्दमा प्रयोग गरिंदो रहेछ। नेपाली जनजिब्रोले पनि त्यस्ता प्रकारका घरलाई धरहरा नै भन्दै आएको पाइन्छ।

आदिकवि भानुभक्त आचार्यले बालाजुको कविता लेखेका छन्, तर धरहराको कविता लेखेका छैनन्।[4] धरहराको कविता कविवर सुन्दरानन्द बाँडाले लेखेका छन्, जुन यस प्रकार छ–

"नानास्तोत्रसुगीतमंगल महल् वाघै वगैंचा असल्
धारा पानी सरोवरै जल अमल् माछा कछुवा कमल्।
कल्हारोत्पलकेतकीगलित धूल त्रैलोक्यका चित्त भूल्
श्री भीमेश्वरपुण्यभूमि टुडिखेल् धर्म्यै छ नेपाल तल्॥१७॥
.........यमराजको हतियार दण्डमरूप अग्लो भैकन टाढाबाट पनि देषिन्या गरिबनायाका खंब तेस्ले पनि असल् मनोहर बस्न्या जग्गह् भयो......"[5]

उपर्युक्त कविता र गद्यमा धरहराको वर्णन पाइन्छ। श्री ३ चन्द्रशमशेरले इतिहास लेखाउन बोलाएका अंग्रेज इतिहासकार पर्सिभल ल्याण्डनले पनि भीमसेन थापाको बाघदरवार र धरहराको उल्लेख गरेका छन्।[6] काठमाडौं उपत्यकाको प्रायः सबै ठाउँबाट देख्न सकिने धरहरा साँच्चै नै अचम्मको छ। यो ईंटै ईंटको खम्वाले काठमाडौंलाई शोभायमान पारेको छ। काठमाडौं नआएका मानिसले पनि धरहराको चित्र देखेकै हुन्छन्।

अतः काठमाडौंलाई पहिले नेपाल पनि भनिन्थ्यो । नेपालमा पहिलो कुरो धरहरा हुनाले मानिसहरू झट्ट "नेपालको धरहरा टोपी खस्यो हुरर..." भन्ने संझन्थे ।

जनरल भीमसेन थापाले आफ्नो दीर्घकालीन मुख्तियारीमा धेरै उल्लेखनीय कामहरू गरेका देखिन्छन् । तीमध्ये धरहराको निर्माण पनि मान्नु पर्ने हुन्छ । उनले आफ्नो दरबार (आवास) को आडैमा वि. सं. १८८१ मा एउटा धरहरा बनाउन लगाए । सो धरहरामा एउटा अभिलेख पनि छ, जुन यस प्रकार छ[7]—

"स्वस्तिश्री शाके १७४६ सम्वत् १८८१ साल श्रावण कृष्ण सप्तम्यां— १
तिथौ रेवतिनक्षत्र शुक्रम योग रविवासरे श्रीजनरल भीम— २
सेन थापाले बनायाको धरहरा शुभम् ॥ ॥"— ३

सो धरहरा निर्माण गरेको लगत्तै एक वर्षपछि अर्थात् वि. सं. १८८२ चैत्रमा महारानी ललित त्रिपुर-सुन्दरी देवीले अर्को धरहरा बनाउन लगाइन् । सो धरहराको अभिलेखको पत्तो लागेको छैन तापनि वि. सं. १९९० को भूकम्पपछि जीर्णोद्धार गरेको अभिलेखमा पहिलो धरहराको स्थितिको पनि वर्णन परेको छ । सो अभिलेख यस प्रकारको छ[8]—

"सम्बत् १८८२ साल चैत्र सुदी १२ रोज ४ मा श्री श्री श्रीमल्ललित— १
त्रिपुरसुन्दरी देवीबाट बनाइबक्सेको यो धरहरा विक्रम सं-२
वत् १९९० साल माघ २ गते (माघकृष्ण ३०) सोमवारको भी— ३
षण भूकम्पले भत्की विग्री २ तलासम्म पुरानो बाँकी भए— ४
कोमा अरू तला उठाई श्री ३ महाराज जुद्धशम्शेर— ५
जङ्गबहादुर राणाबाट विक्रम सम्वत् १९९२ सालमा— ६
जीर्णोद्धार गरिबक्सिएको ॥शुभम् ॥—" ७

जनरल भीमसेन थापाले र श्री ५ बडामहारानी ललित त्रिपुरसुन्दरीले बनाउन लगाएका एकजोर धरहरा पुग नपुग ११० वर्षसम्म यथावत् नै रहे । वि. सं. १८९० मा नेपालमा ठूलो भूकम्प गयो । त्यसबेला जनरल भीमसेन थापाले निर्माण गरेको धरहरा नराम्रोसंग चर्केको थियो । त्यसको ठीक १०० वर्षपछि अर्थात् वि. सं. १९९० सालमा नेपालमा अर्को महा-भूकम्प गयो । उक्त प्राकृतिक प्रकोपमा नेपालका धरहरा केराको थाम लडेझैं लडे । ढलेको भाग चकनाचूर भयो । त्यतिमात्र होइन घण्टाघर समेत साह्रै भ्रष्टसंग ढल्यो । धेरै जनधनको क्षति भयो । भूकम्प एकै समयमा उपत्यकामा जाँदा भुँवरी परेझैं धूलो उडेको, दुवै धरहरा र घण्टाघर करौंतीले काटेका रूखझैं चिराचिरा पर्ने गरी २।३ टुक्रा भै ढलेका थिए ।[9] वि. सं. १८८१ मा निर्मित धरहरा सो भूकम्पमा इतिश्री भयो भने वि. सं. १८८२ मा निर्मित धरहराका पुछारका दुइतला यथावतै रहेकाले वि. सं. १९९२ मा श्री ३ जुद्ध शमशेरले जीर्णोद्धार गरेका हुन् । अतः हालको धरहरा उभ्याई राख्ने श्रेय उनैलाई दिनुपर्छ । एउटा कुरा अलि फरक परेको चाल पाइन्छ । वि. सं. १९९० को महाभूकम्पमा धरहरा ११ तले थियो भने श्री ३ जुद्धले ९ तलामात्र बाँकी राखी जीर्णोद्धार गरे । अनि भीमसेन थापाले बनाएको धरहरा भने माटोमा मिल्न गयो । टुंडिखेलमा निर्मित धरहराको वर्णन यस प्रकार छ[10]—

"कहर्को त धर्हर् सहर्का निकट्मा
उंचाको त तारिफ् बन्याको विकट्मा ।
जहाँभित्र बाटो घुम्याको उपर्मा
अरूले नजान्नू अकल्का सफर्मा । ३७।"

अब लागौं धरहराको निर्माण कुन सन्दर्भमा गरियो होला भन्ने कुरातिर । वि. सं. १८८१–८२ मा मुख्तियार भीमसेन थापा ज्यादै शक्तिशाली थिए । श्री ५ महाराजाधिराज राजेन्द्र वीर विक्रम शाहदेवलाई काखमा राखी महारानी ललित त्रिपुरसुन्दरीले नायवी चलाएकी थिइन् । श्री ५ महाराजाधिराज र नायबमुमा महारानी नाममात्रका शासक थिए । राज्यको सम्पूर्ण हात थियो जनरल भीमसेन थापाको । यसो हुनुको मूल कारण हो महारानी ललित त्रिपुरसुन्दरी जनरल भीमसेन थापाका भाइ काजी नयनसिंह थापाकी छोरी थिइन् । काजी नयनसिंह थापाको अंग्रेज-नेपाल युद्ध-

पूर्व नेपालको एकीकरण अभियानमा गढवालमा देहान्त भएको थियो ।[11] त्यसपछि भीमसेन थापा ललित त्रिपुर-सुन्दरीका संरक्षक मात्र होइनन् श्री ५ महाराजाधिराजका समेत संरक्षक थिए । श्री ५ रणबहादुर शाहको वि. सं. १८६३ मा शेरबहादुर शाहीद्वारा हत्या भए पछि जनरल भीमसेन थापा मुख्तियार भएका हुन् । त्यसपछि त नेपाल नै भीमसेन थापा थियो र भीमसेन थापा नै तत्कालीन नेपाल थियो ।[12] तसर्थ जनरल भीमसेन थापाले दुई–दुईवटा धरहरा बनाउन समर्थ भएका थिए । पहिलो धरहरा वि. सं. १८८१ मा निर्माण गरिएको थियो जसको उचाई १२४ हात थियो भने वि. सं. १८८२ मा निर्माण गरेको धरहराको उचाई जम्मा ९० हात भएको कुरा थाहा हुन आएको छ ।[13] उक्त दुवै धरहरामा एउटालाई उपल्लो धरहरा र अर्कोलाई तल्लो धरहरा पनि भन्ने गरिएको कुरा थाहा पाइन्छ । यसबाट यो कुरा बुझिन्छ कि वि. सं. १८८१ मा जनरल भीमसेन थापाद्वारा निर्माण भएको धरहरा स्थूल रूपको हुनाले त्यो बनेको ९ वर्षपछि अर्थात् वि. सं. १८९० को भूकम्पले चर्काई दियो । तर अर्को वि. सं. १८८२ मा महारानी ललित त्रिपुर-सुन्दरीद्वारा निर्माण भएको धरहरा टक्कक १०८ वर्षसम्म अर्थात् वि. सं. १९९० सम्म राम्ररी रहन सकेको कुरा थाहा हुन्छ । जनरल भीमसेन थापाले निर्माण गरेको धरहरा १८९० सालमा नै भत्केको कुरा चित्त-रञ्जन नेपालीले उल्लेख गरेका छन् ।[14] नेपालमा यस पूर्व यस प्रकारका धरहरा बनाउने चलन नभै मन्दिर, मठ, स्तूप, देवलहरू मात्र निर्माण गर्ने चलन प्रचुर मात्रामा भएको पाइन्छ । तर भीमसेन थापाले धरहरा बनाउने नयाँ चलन चलाए भन्नु अतिरञ्जित हुने छैन जस्तो लाग्दछ । यसको अनुकरणस्वरूप पछि श्री ३ वीर शमशेरले घण्टाघरको निर्माण गरेको कुरा पनि सांकेतिक अर्थ लगाउन सकिने भएको छ । जनरल भीमसेन थापाले निर्माण गरेको धरहरा पहिल्यै भत्किसकेको र ललित त्रिपुर-सुन्दरीले निर्माण गर्न लगाएको धरहरा वि. सं. १९९० सालको महाभूकम्पले भत्काएपछि श्री ३ जुद्धशमशेरले जीर्णोद्धार गरेका हुन् ।[15] हालको धरहरा त्यही धरहरा हो जो एक पटक ढलेर फेरि उभिने सौभाग्य पाएको छ ।

नेपालको धरहरा नेपालको राष्ट्रिय पूँजीले बनेको हुँदा यो सारा नेपालीको संयुक्त सम्पत्ति हो । सर्वप्रथम यसको निर्माण गर्दा कति कति खर्च लाग्यो तथ्याङ्कको अभावमा भन्न कठिन पर्न गएको छ । जनरल भीमसेन थापाको मुख्तियारीकाल जल्दोबल्दो र खस्किदो बिग्रँदो दुवै स्थितिबाट नेपाल गुज्रेको पाइन्छ । विशेषगरी अंग्रेज–नेपाल युद्धपछि नेपालको विस्तार ठप्प भएको पाइन्छ । तर भीमसेन थापा जस्तो योग्य शासक हुनाले नै नेपाललाई अंग्रेजको अगाडि बचाएर राखे भन्नै पर्छ । त्यसबखत पनि नेपालमा वीरकालीन शौर र तेज सेलाएको पाइँदैन; जस्तै–

"अघी पन्थ पाँडे थिया ढेर मन्त्री
भएनन् त यस्ता अकिल्का त तन्त्री ।
अमरसिंह थापा बडा वीरकी घरमा
भयो भीम औतार् सुघर् वाह्र थरमा ।।२२।।[16]

जनरल भीमसेन थापाका समयमा विकास र निर्माणको लहर उर्लेको देखिन्छ । बाटो, पुल, घर, दरबार, धरहरा, मन्दिर, समाज सुधार, स्थिति बन्देज, जातपात, नापतौल, जग्गाजमीन, कुलोपैनी, नापी, धारा, पौवा पोखरी, सेना व्यवस्था, आर्थिक सुधार जस्ता उल्लेखनीय कामहरू जनरल भीमसेन थापाले गरेर छोडे । यद्यपि इतिहास शिरोमणि बाबुराम आचार्यले जनरल भीमसेन थापालाई राम्रो नजरले हेरे जस्तो पाठकहरूलाई लाग्दैन ।[17] उहाँबाट केवल जनरल भीमसेन थापाको छीद्रान्वेषण नभएको पनि होइन । इतिहासकारले असल-लाई असल भनिदिन कुनै कञ्जुसी देखाउनु हुँदैन जस्तो लाग्छ । यो उहाँबाट भएन ।

जनरल भीमसेन थापाले धरहरा किन बनाउन लगाए होलान् भन्ने बारेमा कुनै तथ्य प्राप्त भएको छैन तापनि धरहरालाई भीमसेन थापाकालीन नेपालको आशा र उमङ्गको प्रतीकको रूपमा ग्रहण गर्न सकिने स्थिति छ । हामी नेपाली आर्थिक दृष्टिबाट छिमेकी राष्ट्रभन्दा पछि परेका छौं । जनरल भीमसेन थापाको समयमा नेपाल र नेपालीले कसैसंग हात पसादैँनथ्यो । किनभने नेपाल त्यो बेला धनी थियो, धनकोभन्दा मनको । सो कुरा बेलायत जस्तो शक्तिलाई नेपालले आत्थू आत्थू बनाएबाटै भन्न सकिन्छ । त्यो बेला अंग्रेजहरूसंग बन्दूक, गोला, बारूद,

तोप, हतियारहरू थिए भने नेपालमा पनि ती शस्त्रास्त्रहरू थिए। घरबूना, कोकिटा, पाट, भांग्रो, सनपाट, ऊन, ढाका, खाँडी, नेपालमा नै उत्पादन गरी नेपालीले आफूलाई पुऱ्याउँथे।

धरहराको भूईं तलामा मूलढोका छ, माथिल्लो तलामा चारैतिर ढोका र त्यसभन्दा तल्लो तलामा पूर्वपट्टि एउटा ढोका र त्यसको चारैतिर बाहिरपट्टि कौशी बनाइएको छ। धरहरालाई चारैतिरबाट पर्खालले घेरिएको छ। छपन्नवटा खम्बाका बीचमा पर्ने पूर्वपट्टि प्रवेशद्वार छ जहाँ आजभोलि प्रवेश निषेध गरिएको छ। वि.सं. २००२ ताका धरहरालाई सेतो पोतिएको थियो जसको खर्च पहिले असी हजार अनुमान गरिएथ्यो तर स्वदेशीले बुद्धिमानीपूर्वक आठ हजारमा राम्ररी पूरा गरेका थिए, भनिन्छ।[18]

जनरल भीमसेन थापाले धरहरा के प्रयोजनले बनाए, यसको ठोस उत्तर प्रकाशमा आएको छैन। यसको उपयोगिता अग्लो हुनाले पल्टनलाई सूचना दिन बिगुल बजाउन गरिन्थ्यो। ढुण्डिराज भण्डारीले जङ्गबहादुर कुँवरले कौतपर्वपूर्व धरहरामाथि पुगी आफैंले बिगुल बजाएको कुरा उल्लेख गरेको पाउँछौं।[19] तर फादर स्टीलरले भने जनरल अभिमानसिंहलाई सो बिगुत बजाउने आदेश रानीले गरेको कुरा उल्लेख गरेको पाइन्छ।[20] अर्को कुरा धरहरामा गजुरको स्थापना गरिनाले यो मन्दिरको रूप भएको कुरा पनि स्वीकार्नु पर्ने हुन्छ। हाल पनि धरहरामाथि ६ तले गजुर छँदैछ। हाल यसको उपयोगिता राष्ट्रिय पर्वमा विजुली बत्ती बाली दीपावली गर्न मात्रै भए जस्तो लाग्दछ। एउटा कुरा, छिमेकका भवनहरू कहिले धरहरा ढलेर ढाडै सेकिने हो कि भन्ने त्रासमा परे जस्तो पनि लागेको छ।

## टिप्पणीहरू

१) जगदीशचन्द्र रेग्मी, **नेपाली अध्ययन**, भाग २, साझा प्रकाशन, नेपाल, २०३४, पृ. ४६।

२) डा० पारसमणि प्रधान, **ठूलो नेपाली-नेपाली-अंग्रेजी कोष**, भाग्यमणि प्रकाशन, कालिङ्गोङ, भारत, १९८३ ई., पृ. ३११।

३) David B. Guralnik; Ed., **Webster's New World Dictionary,** Oxford and IBH Publishing Co., New Delhi, 1976, P. 791.

४) भानुभक्त आचार्य, **भानुभक्तको रामायण**, साझा प्रकाशन, नेपाल, २०३९, पृ. २१।

५) पण्डित सुन्दरानन्द, **त्रिरत्न सौन्दर्य गाथा**, धनबज्र बज्राचार्य सं., नेपाल सांस्कृतिक परिषद, काठमाडौं, २०१९, पृ. २५६-२५७।

६) P. Landon, **Nepal,** Ratna Pustak Bhandar, Kathmandu, 1976, PP. 89-101.

७) **अभिलेख संग्रह, बाऱ्हौं भाग**, संशोधन मण्डल, नेपाल, पृ. १७। भीमसेन थापाले तयार गरेको यो शिलालेख नेपाल म्युजियममा सुरक्षित रहेको छ।

८) **अभिलेख संग्रह, आठौं भाग**, संशोधन मण्डल, नेपाल, पृ. ८-९। यो अभिलेख तामाको पातोमा लेखिएको र धरहराको तल्लो तलाको मूलद्वारको चाँदीमा नै टाँसिएको छ। श्री ३ जुद्धशमशेरले तयार गरेको यो अभिलेख हो।

९) ब्रह्मशमशेर ज. ब. रा., **नेपालको महाभूकम्प**, श्री प्र. गो. द. वा. मेजर जनरल ब्रह्मशमशेर जङ्गबहादुर राणा, बी. ए., नेपाल, १९९१-९२ वि. सं., पृ. १२।

१०) बाबुराम आचार्य, **पुराना कवि र कविता**, साझा प्रकाशन, काठमाडौं, नेपाल, २०३५, पृ. ७८ (यदुनाथ पोखऱ्यालको कविताबाट उद्धृत)।

११) Ludwig Father Stillar S. J., **The Rise of House of Gorkha,** Patna Jesuit Society, India, 1975, PP. 235.

१२) P. Landon, Opcit. Note no. 6, PP. 82-83.

१३) गौतमबज्र बज्राचार्य, हनुमान ढोका राजदरवार, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., काठमाडौं, २०३३, पृ २७३ ।

१४) चित्तरञ्जन नेपाल, **जनरल भीमसेन थापा र तत्कालीन नेपाल,** रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल, २०२२, पृ. २०८–२०९ ।

१५) ढुण्डिराज भण्डारी, **नेपालको ऐतिहासिक विवेचना,** श्रीमती कृष्णकुमारी देवी, वाराणसी, भारत, २०१५, पृ. २३७ ।

१६) बाबुराम आचार्य, पूर्ववर्णित, टिप्पणी नं.१०, पृ.७५

१७) बाबुराम आचार्य, **नेपालको संक्षिप्त वृत्तान्त,** प्रमोद-शमशेर, र नीरविक्रम 'प्यासी', काठमाडौं, पृ. ११९–१२६ ।

१८) गण्डकी अञ्चल, कास्की जिल्ला, ढिकुरपोखरी गा. पं. वार्ड नं. २, सिपालीका निवासी पं. नरपति सुवेदीबाट प्राप्त जानकारी, जसबाट प्रेरणा प्राप्त भएकोले यो लेख तयार भयो ।

१९) ढुण्डिराज भण्डारी, पूर्ववर्णित, टिप्पणी नं १५, पृ. २५७ ।

२०) Ludwig Father Stiller S. J. **The Kot Massacre,** CNAS, T. U. Kirtipur, Nepal, 1981 A. D., PP. 311–312.